बैंठक संख्याः- ३१

आज मिति २०८२/०६/२७ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो।

तपसिल

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री टुक्की शेर्पा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडानं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२. | | | |
| २३. | | | |

नगरकार्यपालिकाको बैठकको निर्णयहरु

मितिः- २०८२/०६/२७ गते सोमवार
समयः- विहान ११:०० बजे
स्थानः- नगरप्रमुखज्यूको कार्यकक्ष
बैठक संख्याः ३१

| सि.नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | आ.व. २०८१/०८२ को वेरुजु सम्वन्धमा | यस कार्यालयको आ.व. २०८१/०८२ को आर्थिक कारोबारको लेखापरीक्षण विभागबाट सम्पन्न भइ प्राप्त प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको विषयमा नगरकार्यपालिका बैठकमा छलफल गरियो ।छलफलमा लेखापरीक्षणबाट देखिएका कमजोरी, सुधार आवश्यक क्षेत्रहरु, खर्चको पारदर्शिता, बजेटको उचित उपयोग, सम्पूर्ण आर्थिक गतिविधिहरुको प्रभावकारिता र नियमितता सुनिश्चित गर्ने उपायहरुका साथै प्रतिवेदनमा देखिएका त्रुटिहरु सुधार गर्ने समयसीमा, जिम्मेवारी निर्धारण र भविष्यका लागि अनुगमन प्रणाली सुदृढ गर्ने विषयमा वित्तीय पारदर्शिता सुनिश्चित गर्न नियमित अनुगमन प्रणाली अपनाउने कार्यान्वयन गरिने विषयमा सुधार गर्ने प्रतिवद्धता जाहेर गरियो । |
| २. | स्वास्थ्य उपचार तथा विपद सम्वन्धी आर्थिक सहायता कार्यविधी, २०८१ को संशोधन सम्वन्धमा | स्वास्थ्य उपचार तथा विपद सम्वन्धी आर्थिक सहायता कार्यविधी, २०८१ को दफा २ को उपदफा घ मा "छिमेकी पालिका, अन्तर जिल्लाका नागरिक विपद् (पहिरो, आगलागी, डुबान, हिमपहिरो, दुर्घटना आदि) बाट अति प्रभावित तथा कडा/गम्भीर रोगका बिरामीहरू (क्यान्सर, मुटु, मिर्गौला, मस्तिष्कघात, दीर्घ शल्यक्रिया आवश्यक पर्ने अवस्था) का नागरिक समेतलाइ सम्झनु पर्दछ" भन्ने वाक्यांश थप गरी संशोधन गर्ने |
| ३. | मध्यस्थता वापतको रकम भुक्तानी सम्वन्धमा | तिङला फुलवारी जे.भी. का तर्फवाट दिनेश कार्की विपक्षी भइ दिएको रिट उपर उच्च अदालत,विराटनगर अस्थायी इजलास ओखलढुङ्गाको मिति २०८१/०९/०९ को फैसला अनुसार मध्यस्थता नियुक्ति गरी विवाद समाधान गर्ने सम्वन्धमा सि.एण्ड के. एसोसियट्स फर्मको मध्यस्थता वापतको रु. ३,२७,७५०/- रकम श्रोत सुनिश्चित गरी भुक्तानी प्रक्रिया अगाडि वढाउने |
| ४. | सगरमाथा आरोहीलाइ सहयोग सम्वन्धमा | सगरमाथा आरोही सोलुदुधकुण्ड नगरपालिका वडा नं. १ निवासी श्रीमती याङडी लामा शेर्पालाई प्रोत्साहण स्वरुप गत आ.व. मा निर्णय भइ भुक्तानी हुन बाँकी रु. १,००,०००/- (रु. एक लाख) रकम चालु आ.व. को पर्यटन शीर्षकवाट भुक्तानी दिने |
| ५. | रकम अनुमोदन गर्ने सम्वन्धमा | माप्य दुधकोशी गाउँपालिकाको वाकुमा वोलेरो दुर्घटना पीडित महाकुलुङ निवासी विभिन्न सख्त घाइते व्यक्तिहरुको उपचार सहयोग तथा मृतक परिवारलाई प्रदान गरिएको आर्थिक सहयोग रु. १,००,०००/- (रु. एक लाख) अनुमोदन गर्ने |
| ६. | नपुग थप उपचार रकम सम्वन्धमा | नगरपालिकाको स्वामित्वको सवारी साधन दर्ता नं.वा. २ झ. २३४८ उदयपुर जिल्लामा आवागमनको क्रममा दुर्घटना भएको हुँदा सो घटनामा घाइते भएका व्यक्तिको उपचार सम्वन्धी आवश्यक सहजीकरण गर्न यस नगरपालिकाद्वारा प्रारम्भिक उपचार खर्च व्यहोरिएकोमा उक्त दुर्घटनाका घाइते पक्ष र कार्यालयबीच मेलमिलाप (समझदारी) भए पश्चात सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी सो को प्रमाणित कागजातहरूको आधारमा घाइते व्यक्तिलाई अहिलेसम्म भएको उपचार खर्चबाहेक नपुग थप उपचार खर्चका रूपमा अन्तिम पटक रू. १,५०,०००/- (अक्षरेपी एक लाख पचास हजार मात्र) रकम उपलब्ध गराउने |

७. विभिन्न संस्था तथा व्यक्तिका पेश भएका माग भएको वजेट विनियोजन सम्वन्धमा

नगरपालिकाको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार स्थानीय पर्यटन [illegible] पहिचान, संरक्षण, प्रवर्धन तथा विकासका लागि समुदायस्तरमा सञ्चालन गरिने विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सम्पन्न गर्न यस कार्यालयमा देहाय बमोजिम पेश भएको प्रतियोगितात्मक कार्यक्रमको प्रस्ताव, परिणामहरू समीक्षा गर्दा पर्यटन विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने देखिए बमोजिम ती कार्यक्रमका लागि देहाय बमोजिमका रकम विनियोजन गर्ने

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | बजेट | शीर्षक |
|---|---|---|---|
| १. | एण्डुरो रातनाङ्गे अन्तर्राष्ट्रिय माउण्टेन बाइक रेस | रू. १,५०,०००.०० | पर्यटन |
| २. | श्री एशोसियन दावा शेर्पा पारा निस एण्ड लारा मिस पोर्ली नेपाल टाक्सिन्दू सोलुखुम्बुवाट आयोजना गरिएको म्याराथुन दौड | रू. ३,५०,०००.०० | खेलकुद |
| ३. | जिल्ला प्रहरी कार्यालय सल्लेरी भवन प्लाष्टर | रू. ३,००,०००.०० | कन्टिजेन्सी |

८. आर्थिक सहयोग माग सम्बन्धमा

यस नगरपालिकामा दर्ता भएका स्वास्थ्य उपचार प्रयोजन तथा विपदजन्य कारणले आर्थिक कठिनाइमा परेका देहायका निवेदकहरूको निवेदन सम्वन्धमा नगरपालिकावाट स्वीकृत "स्वास्थ्य उपचार तथा विपद सम्वन्धी आर्थिक सहायता कार्यविधि, २०८०" बमोजिम परीक्षण गर्दा स्वास्थ्य उपचार तथा विपद सम्बन्धी आर्थिक सहायता प्रदान गर्ने मापदण्डभित्र पर्ने देखिएको हुँदा सोही कार्यविधिको दफा ९ को उपदफा ३(क) बमोजिम आवश्यक आर्थिक सहायता उपलव्ध गराउने

| सि.नं. | नाम, थर | ठेगाना | विवरण | स्वीकृत रकम |
|---|---|---|---|---|
| १ | प्रविन विश्वकर्मा | सोलु दु.न.पा.,३ | पहिरोले घर पूर्ण रुपमा क्षति | २०,०००/- |
| २ | दाकिपा शेर्पा | सोलु दु.न.पा.,१० | चटयाङले घर पूर्ण रुपमा क्षति | २०,०००/- |
| ३ | किपा शेर्पा | सोलु दु.न.पा.,८ | आगलागीले घर पूर्ण रुपमा क्षति | २०,०००/- |
| ४ | कृष्ण वहादुर मगर | सोलु दु.न.पा.,२ | पहिरोले घर क्षति | २०,०००/- |
| ५ | तेज कुमार वस्नेत | सोलु दु.न.पा.,११ | पहिरोले घर क्षति | २०,०००/- |
| ६ | तिलक वहादुर थापा मगर | सोलु दु.न.पा.,११ | पहिरोले घर क्षति | २०,०००/- |
| ७ | जित वहादुर नेवार | सोलु दु.न.पा.,११ | पहिरोले घर आंशिक क्षति | २०,०००/- |
| ८ | डोल कुमारी मगर | सोलु दु.न.पा.,११ | पहिरोले घर क्षति | २०,०००/- |

<table>
<tr><td>९.</td><td>कार्यविधी स्वीकृत गर्ने सम्वन्धमा</td><td>सामुदायिक विद्यालयमा अध्ययनरत सहभागी हुने विद्यार्थीहरुको शैक्षिक गुणस्तर वृद्धि गर्ने उद्धेश्यले सामुदायिक विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन सम्वन्धी मापदण्ड, २०८२ को स्वीकृत गर्ने</td></tr>
<tr><td>१०.</td><td>फिल्ड भत्ता सम्वन्धमा</td><td>नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यमा खटिएकी फोहरमैला संयोजक महिला कार्यकर्ता श्री मुना खत्रीलाई कामको सिलसिलामा अधिकांश समय कार्यालय बाहिर फिल्डमा खटिनु पर्ने भएकोले फिल्ड खर्च वापत मासिक रु. ५०००/- (अक्षेरेपी रु. पाँच हजार) मात्र भत्ता २०८२ मंसीर महिना देखी प्रदान गर्ने</td></tr>
<tr><td>११.</td><td>जोखिम भत्ता थप सम्वन्धमा</td><td>यस नगरपालिकाको विभिन्न निर्माण, मर्मत सम्भार तथा सेवा सुविधा सञ्चालन कार्यहरूको प्रभावकारी कार्यान्वयनका लागि स्काभेटर अपरेटर, ब्याक-हो लोडर अपरेटर, रोलर अपरेटर तथा एम्बुलेन्स चालकहरू निरन्तर रूपमा फिल्डमा खटिनु पर्ने हुँदा उक्त कार्यको जोखिम, जिम्मेवारी तथा फिल्डमा निरन्तर रहनु पर्ने अवस्थालाई मध्यनजर गरी देहाय बमोजिम मासिक जोखिम भत्ता २०८२ मंसीर देखि लागू हुने गरी थप गर्ने
<table>
<tr><th>क्र.स</th><th>पद</th><th>हालको प्राप्त गरिरहेको सुविधा रु.</th><th>प्रस्तावित सुविधा रु.</th></tr>
<tr><td>१.</td><td>एम्बुलेन्स चालक</td><td>७,०००.००</td><td>१०,०००.००</td></tr>
<tr><td>२.</td><td>स्काभेटर अपरेटर</td><td>१५,०००.००</td><td>१७,०००.००</td></tr>
<tr><td>३.</td><td>ब्याकहो लोडर अपरेटर</td><td>१४,०००.००</td><td>१५,०००.००</td></tr>
</table></td></tr>
<tr><td>१२.</td><td>इन्जिनियरिङ सेवा तर्फका प्राविधिकहरुको फिल्ड भत्ता थप सम्वन्धमा</td><td>इन्जिनियरिङ सेवा तर्फ कार्यरत प्राविधिकहरूले (वडास्तरीय तथा नगरस्तरीय) नगरपालिकाभित्रका सबै पूर्वाधार सम्बन्धी आयोजनाहरूको अनुगमन, मूल्यांकन तथा सुपरीवेक्षण कार्यहरू निरन्तर रुपमा फिल्डमा खटिएर सम्पन्न गर्नुपर्ने हुँदा, सोही कार्यभार तथा फिल्डमा नियमित खटिनु पर्ने अवस्थाको आधारमा प्राविधिकहरुलाई मासिक रुपमा अतिरिक्त फिल्ड भत्ता थप गर्न उचित भएकोले सम्वन्धित प्राविधिक पदाधिकारी तथा कर्मचारीहरूलाई देहाय बमोजिम मासिक फिल्ड भत्ता २०८२ मंसीर देखि लागू हुने गरी थप गर्ने
<table>
<tr><th>क्र.सं</th><th>पद</th><th>हालको प्राप्त गरिरहेको सुविधा रु.</th><th>प्रस्तावित सुविधा रु.</th></tr>
<tr><td>१.</td><td>इन्जिनियर</td><td>१२,०००.००</td><td>१३,०००.००</td></tr>
<tr><td>२.</td><td>सव- इन्जिनियर</td><td>११,०००.००</td><td>१२,०००.००</td></tr>
<tr><td>३.</td><td>प्राविधिक (२ वडा हेर्ने)</td><td>१०,०००.००</td><td>११,०००.००</td></tr>
<tr><td>४.</td><td>प्राविधीक (१ वडा हेर्ने)</td><td>४,०००.००</td><td>५,०००.००</td></tr>
</table></td></tr>
</table>

| | | |
|---|---|---|
| १३. | आयोजनाहरुको म्याद थप सम्वन्धमा | नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेट मार्फत स्वीकृत विकास निर्माण सम्वन्धी देहायका आयोजनाहरू तोकिएको समयभित्र सम्पन्न हुन नसकेको भनी सम्बन्धित ठेकदारबाट प्राप्त निवेदन तथा प्रस्तुत कार्य औचित्यका आधारमा समीक्षा तथा मूल्यांकन गर्दा विविध प्राविधिक, भौगोलिक, मौसमजन्य, प्रशासनिक तथा कार्यान्वयन सम्बन्धी कारण तोकिएको समय सीमा भित्र सम्पन्न हुन नसकेको देखिएको हुँदा, तिनको औचित्य, प्रगति स्थिती र कार्य सम्पन्न गर्न आवश्यक समयावधिलाई समग्र मूल्यांकन गरी सार्वजनिक खरीद नियमावली २०६४ को दफा १२० मा भएको व्यवस्था वमोजिम म्याद थप गर्ने |

| सि.नं | आयोजनाको नाम | ठेगाना | ठेकेदार कम्पनी | म्याद थपको औचित्य/कारण | अवधी |
|---|---|---|---|---|---|
| १ | पत्ताले पार्क निर्माण | वडा नं ८ | कुँवर डेभलपर्स प्रा.लि. | जग्गा विवाद र समय अभाव | २०८३ असार मसान्त |
| २ | नयाँवजार हाटवजार निर्माण | वडा नं ६ | सोलु निर्माण कन्ट्रक्सन | वर्षात र शुक्रबार, शनिवारका दिन हाटवजार लाग्ने कारण | २०८२ मंसीर मसान्त |
| ३ | फाप्लु-सल्लेरी -दोर्पू खानेपानी निर्माण | वडा नं ४,५ र ६ | हिमाल कन्ट्रक्सन | वर्षात र रुट परिवर्तन | २०८२ मंसीर मसान्त |